## ५. बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयनको क्रममा राष्ट्रिय तथा जिल्ला स्तरमा मा आइपरेको मुख्य मुद्दा र चुनौतीहरु निम्न छन् :

- उच्चस्तर NFSSC को सचिवालय स्तरमा प्राविधिकको प्रतिनिधित्वमा कमिका साथै अधिकांश सचिवालयहरुमा पोषणको बारेमा सिमित जानकारी र आफ्नै क्षेत्रको दायित्व र कार्यभारले गर्दा राष्ट्रिय योजना आयोगको क्रियाकलापहरु प्राथमिकतामा नपरेको देखिन्छ ।
- देशका हरेक तहमा पोषण सम्बन्धी क्षमता र दक्षता भएका मानव स्रोत सिमित छ र अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।
- दातृ निकाय र सरकारको कोष संयन्त्र र समय सिमामा एकरुपता नभएकोले सरकारको एकिकृत पोषण नीतिको कार्यान्वयन गर्ने क्षमतामा जटिलता थपेको छ ।
- मन्त्रालय मन्त्रालय बीच र मन्त्रालय भित्र साथै UN Agencies र अरु बिकास साझेदार बीच समन्वयको प्राथमिकता र प्रभावकारितामा कमि छ ।
- बहुक्षेत्रीय पोषण योजना पैरवी तथा संचार रणनीतिको प्रभावकारी कार्यान्वयनमा ढिलाई छ ।
- बहुक्षेत्रीय पोषण योजना जिल्ला तहका त्यो भन्दा मुनि विकेन्द्रिकृत कार्यान्वयनमा जोड दिन्छ । तर विकेन्द्रिकरण प्रकिया सुधारको क्रममा रहेकोले केन्द्रिय स्तरको ठोस सहयोग बिना MSNP कार्यान्वयन गर्न समर्थ छैनन् ।
- सरकार नागरिक समाज, नीजि क्षेत्र र Media को भूमिका र दायित्वको जवाफ देहिता र पारदर्शितामा कमि ।
- नेपालको राजनीतिक अस्थिरताले गर्दा प्रत्येक क्षेत्रको महत्वपूर्ण पदमा कर्मचारीको फेरबदल ।
- प्रगति अनुगमनका लागि प्रष्ट अनुगमन र मुल्याङ्कनको साधनमा कमी ।
- पोषण संवेदनशिल कार्यक्रम सम्बन्धित तथ्याङ्कको अभाव ।

## निचोड :

नेपालले बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन गरेर र पोषण स्तरोन्नती अभियानमा संलग्न हुने सुरवाती देश भएतापनि बहुक्षेत्रीय पोषण योजनाको लक्ष प्राप्तिका लागि अझै धेरै काम बाकि नै छ । सैद्धान्तिक रुपमा रणनीति र कार्यान्वयन योजना नीतिमा अन्तर्निहित हुन्छ, जसमा कार्य अनुगमन र मुल्याङ्कन संयन्त्र रहेको हुन्छ । यति हुँदाहुँदै पनि कार्यान्वयन अवस्थाको समिक्षाका साथ साथै जिल्ला र राष्ट्रियस्तरमा सहभागीहरुबाट प्राप्त विचार अनुसार बहुक्षेत्रीय पोषण योजना पोषण सुधारको लागि एउटा पूर्ण दृष्टिकोण भएको नीतिगत अभिलेख हो तर पनि व्यवहारिक रणनितिक योजना र अनुगमन तथा सुपरिवेक्षणको संयन्त्रको कमि यसमा देखिन्छ । त्यसैले प्रभावकारी कार्यान्वयनका लागि मुख्य चुनौती भनेको निति र कार्यक्रमका बीच तारतम्य नहुनु नै हो ।

## ६. सिफारिस :

विश्लेषणात्मक रुपमा हेरिएका माथिका उपलब्धी र निचोडका आधारमा बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयनका लागि निम्न सिफारिस गरिएका हुन ।

१. बहुक्षेत्रीय पोषण योजनाको बढोत्तरीको लागि पोषण समुदायले सशक्त रुपमा पैरवी गर्नु पर्छ ।

२. बहुक्षेत्रीय पोषण योजना पैरवी र संचार रणनीतिको प्रभावकारी कार्यान्वयन र यथासिघ्र वितरण गर्ने ।

३. प्रभावकारी बहुक्षेत्रिय समन्वयनमा सुधार र बहुक्षेत्रीय पोषण योजना को स्वामित्व बढाउनका लागि सरकारी निकायमा बृहत रुपमा पैरवी गर्ने र कुपोषण घटाउन प्रतिबद्धता गर्ने ।

४. एक विशेष किसिमको संयन्त्रको आवश्यकता छ जसले बिभिन्न क्षेत्रमा उपलब्ध तथ्याङ्क संकलन गर्ने, गुणस्तर परिक्षण गर्ने कार्यक्रमको आवश्यकता वा बहुक्षेत्रीय पोषण योजनाको कार्यान्यनको प्रभावकारिता बढाउन प्रयोग गर्न सकिन्छ ।

५. आपतकालिन अवस्था (जस्तो भूकम्प पछिको अवस्था) मा पोषणसंग सम्बन्धित समस्यालाई वास्तविक रुपमा सम्बोधन गरिनुपर्ने ।

६. बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानिय सरकारको क्षमता अभिवृद्धि गर्नु पर्ने आवश्यकतालाई जोड दिनुपर्ने ताकी बढी भन्दा बढी श्रोत साधनको परिचालन गर्न सकियोस् ।

७. पोषणमा कोष अन्तरालालाई सम्बोधन गर्न पोषण बिषेश कार्यक्रममा बजेट बढाउनु पर्ने देखिन्छ ।

८. बहुक्षेत्रीय पोषण योजना को कार्यान्वयन प्रगतिको बारेमा जानकारी दिन पोषणमा स्थलगत अनुसन्धान (operational research) को आवश्यकता देखिएको छ ।

९. योजना सही बाटोमा गइरहेको बिश्वस्त हुन नियमित र प्रभावकारी अनुगमन र मुल्याङ्कन महत्वपूर्ण हुन्छ ।

१०. पोषण बिषेश कार्यक्रमको लक्षित समुदायमा यसको दायरा बढाउनु जरुरी छ ।

## केन्द्रिय स्तरमा अन्तर्वार्ता लिइएका व्यक्तिहरुको नामावली :

१. श्री चुडामणी अर्याल, योजना अधिकृत , राष्ट्रिय योजना आयोग, सिंहदरबार

२. श्री नैना नेपाल ढकाल, शाखा प्रमुख, कृषि तथा जिविकोपार्जन, कृषि बिकास मन्त्रालय, सिंहदरबार

३. श्री बिष्व माया न्यौपाने, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरबार

४. श्री तुलाराज सुनवार, शाखा अधिकृत, सङ्घिय मामिला तथा स्थानिय बिकास मन्त्रालय, सिंहदरबार

५. श्री गिरीराज सुवेदी, शाखा प्रमुख, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, बालस्वास्थ्य महाशाखा

६. श्री अनिल शर्मा मिश्र, शाखा प्रमुख, पोषण शिक्षा, शिक्षा मन्त्रालय, सिंहदरबार

७. श्री हरि तिमल्सिना, शहरी विकास मन्त्रालय, सिंहदरबार

८. श्री राज कुमार महतो, हेल्थ एण्ड न्यूट्रिशन म्यानेजर, सेभ द चिल्ड्रेन, नेपाल अफिस

९. श्री प्रद्युम्न दाहाल, पोषण शाखा, युनिसेफ नेपाल

१०. प्रा.डा.उमा कोइराला, अध्यक्ष, सिसान

**जिल्ला स्तरमा अन्तर्वार्ता लिइएका व्यक्तिहरुको नामावली**

११. श्री राम नारायण उपाध्याय, जिल्ला कृषि कार्यालय, कपिलवस्तु

१२. श्री खिम बहादुर जि.सी., जिल्ला शिक्षा कार्यालय, कपिलवस्तु

१३. श्री बिष्णु पौडेल, पोषण फोकल व्यक्ति, जिल्ला स्वास्थ्य कार्यालय ,कपिलवस्तु

१४. श्री अब्दुल सलाम, जिल्ला पशु सेवा कार्यालय, कपिलवस्तु

१५. श्री रामेन्द्र सिंह रावल, अध्यक्ष, सिसान जिल्ला इकाई, कपिलवस्तु

**(यस संक्षिप्त नीति प्रा.डा. उमा कोइराला र श्री देवेन्द्र राज सिंहको प्राविधिक सहयोगमा सिसानले तयार पारेको हो ।)**


**विस्तृत प्रतिवेदनको लागि :**

csannsecretariat@gmail.com

९७७-०१-४२२३४७७

www.csann.org.np

Civil Society Alliance for Nutrition, Nepal-CSANN

https://twitter.com/CSANNI



Supported by Save the Children


CSANN
CIVIL SOCIETY ALLIANCE FOR NUTRITION, NEPAL

# Civil Society Alliance for Nutrition, Nepal (CSANN)
# पोषणका लागि नागरिक समाज सञ्जाल, नेपाल (सिसान)

Scaling Up NUTRITION

## बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयनका लागि संक्षिप्त नीति

## परिचय:

बिश्व पोषण अभियान पोषण स्तरोन्नति **(Scaling Up Nutrition)** को सदस्य नेपालले मे ५,२०११ मै बहुक्षेत्रीय पोषण योजना - **(MSNP, 2013 -2017)** तयार गरी २०१३ देखि ६ जिल्लामा लागु गरेको छ । यस योजनाले पोषण बिशेष र पोषण संवेदनशिल योजना र कार्यक्रमद्धारा कुपोषणको समस्या सामना गर्न सम्पूर्ण सरोकारवाला सरकारी निकाय बिकासका साझेदार संस्थाहरु र नागरिक समाजलाई एउटै छाता मुनि राख्ने प्रयासमा कोशेढुङ्गा सावित भएको छ । बहुक्षेत्रीय पोषण योजनाको लक्ष्य भनेको उल्लेखनिय रुपमा दीर्घ कुपोषण घटाउने तर्फ समग्र मुलुकलाई उन्मुख गराउने र मानव पुँजीको विकास तथा समग्र सामाजिक आर्थिक बिकाशमा कुपोषण बाधकको रुपमा रहिरहने छैन भन्ने कुराको सुनिश्चितता गर्नु नै हो । यस बहुक्षेत्रीय पोषण योजनाको मुख्य उद्देश्य समाजका सबै स्तरमा मातृशिशु पोषणको स्थितीमा सुधार ल्याउन का साथै राष्ट्रिय योजना आयोग तथा सम्वद्ध प्रमुख क्षेत्रगत मन्त्रालयको क्षमता सुदृढ गरी बहुक्षेत्रीय पोषण योजनाको तर्जुमा कार्यान्वयन र अनुगमन गर्न सामर्थ बनाउनु हो ।

पोषण स्तरोन्नति **(SUN)** रुपरेखाले बहुक्षेत्रीय दृष्टिकोणको बलियो पक्षपोषण गर्नुका साथै पोषण विशेष तथा पोषण संबेदनशिल दुवै दृष्टिकोणबाट कार्यक्रम बिस्तार गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ । यसको अवधारणा अनुसार नै राष्ट्रिय योजना आयोग नेपाल को संयोजकत्वमा कृषि बिकास मन्त्रालय, शिक्षा मन्त्रालय, सङ्घिय मामिला तथा स्थानिय बिकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय, शहरी बिकास मन्त्रालय, बाह्य बिकासका साझेदार सस्थाहरु ( बिश्व बैंक, युनिसेफ, बिश्व स्वास्थ्य संगठन, बिश्व खाद्य कार्यक्रम र सेभ द चिल्ड्रेन आदिको सहकार्यमा यो यो जना र कार्यकमहरु संचालित छन् ।

कुपोषणको समस्या सम्बोधन गर्न प्रत्येक मन्त्रालयले **SUN** र बहुक्षेत्रीय पोषण योजनाकै अवधारणा अनुसार आ-आफनै बार्षिक तथा आवधिक योजनाहरु बनाएका छन् । नेपालमा हाल संचालित पोषण कार्यक्रमहरु धेरै जसो आमा तथा शिशुहरुका एक हजार जोखिमपूर्ण दिनमा लक्षित छन् । (गर्भधारणको समय देखि शिशु २ बर्षको हुँदा सम्म) -जुन समय संवेगात्मक विकास क्षमता विकास र शारिरिक बिकास गर्ने एक मात्र महत्वपूर्ण समय हो । संरचनागत हिसाबमा उच्च स्तरको पोषण तथा खाद्य सुरक्षा स्टेरिङ समिति **(High level Nutrition and Food Security Coordination Committee)** ले बहुसरोकारवालाको साझा मंचको रुपमा रहेको समिति **(Nutrition and Food Security Coordination Committee)** लाई रणनीतिक दिशानिर्देश गर्दछ । त्यसैगरि जिल्ला तथा गा.बि.स. स्तरमा हुने कृयाकलापको समन्वय दिशानिर्देश र सुपरिवेक्षण गर्नका लागि पोषण तथा खाद्य सुरक्षा स्टेरिङ समिति स्थापना गरिएको छ । तापनि हरेक क्षेत्र र तप्कामा बहुक्षेत्रीय पोषण कार्यबकमको प्रभावकारी कार्यान्वयन र आन्तरिकरणको स्तरोन्नतीका लागि अझै पनि केही चुनौती रहेका छन् ।

## अध्ययनको उद्देश्य :


बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय र क्षेत्रिय (Sub national) स्तरमा कार्यान्वयनको अवस्था समिक्षा गर्ने, कार्यान्वयनको क्रममा आइपरेका मुख्य बाधा पत्ता लगाउने र बैज्ञानिक प्रमाण र व्यवहारिक अनुभवका आधारमा MSNP को प्रभावकारी कार्यान्वयनका लागि सुझाव दिने नै यस अध्ययनको मुख्य उद्देश्य हो ।

## विधि :

यस अध्ययनमा नीति बिश्लेषणका लागि समिक्षा प्रकृया अपनाइयो । सूचना संकलनका लागि प्रकाशित तथा अप्रकाशित सबै क्षेत्रगत दस्तावेजहरु अध्ययन गरियो । प्राप्त सूचना विश्लेषण को लागि Content Analysis विधि अपनाइयो । निति तथा कार्यक्रमको कार्यान्वयनको स्थलगत अध्ययन र सूचना संकलनको लागि बहुक्षेत्रीय पोषण योजना लागु भएका जिल्ला मध्ये कपिलवस्तु जिल्ला छनौट गरियो । प्राप्त सूचनालाइ पुन : पुष्टिका लागि सरोकारवाला मन्त्रालय वा निकायका प्रतिनिधिहरुसंग पनि जानकारी लिइएको थियो । पुनरावलोकनका लागि प्राप्त सूचनालाई निम्न शिर्षकहरुमा समेटि व्याख्या गरिएको छ ।

| | | | |
|---|---|---|---|
| १. | बहुक्षेत्रीय पोषण योजना प्रति क्षेत्रिय संवेदनशिलता | २. | बहुक्षेत्रीय पोषण योजनाको स्तरोन्नतिको अवस्था |
| ३. | स्रोत र कोषको व्यवस्थापन | ४. | अनुगमनको स्थिति |
| ५. | मुख्य मुद्दा र चुनौतीहरु | ६. | रणनीतिक सिफारीसहरु |

## मुख्य उपलब्धिहरु




## १. बहुक्षेत्रीय पोषण योजना प्रति क्षेत्रिय संवेदनशिलता

उपलब्धिले देखाए अनुसार बहुक्षेत्रीय पोषण योजनाको बुझाई नितिगत तहमा प्राय प्रष्ट रहेको छ । उहाँहरु SUN को कार्यरुप र बहुक्षेत्रीय पोषण योजनाको बुझाई प्रति जानकारत हुनुहुन्छ । बहुक्षेत्रीय पोषण योजनाका दुई अत्यावश्यक परिपुरक दृष्टिकोण प्रति प्रष्ट रुपमा जानकार हुनुहुन्छ । तापनि तल्लो तहका बहुक्षेत्रीय पोषण योजना सम्बन्धी बुझाइमा कमि कमजोरी रहेको पाइन्छ । जिल्लामा रहेका स्वास्थ्य र कृषि बाहेकका सरोकार निकायहरु बहुक्षेत्रीय पोषण योजनाको कार्यान्वयन प्रति खासै उत्सुक देखिदैन र नियमित क्रियाकलापमा आइलागेको थप बोझको रुपमा लिनु हुन्छ । त्यसैगरी बहुक्षेत्रीय पोषण योजनाको स्वामित्व बहुक्षेत्रीय पोषण योजना भित्र मात्र देखिन्छ । जवकी अरु मन्त्रालय जसको पोषणमा महत्वपुर्ण योगदान हुन सक्छ उनीहरुको स्वामित्वमा कमि देखिन्छ । आजका मिति सम्म स्वास्थ्य मन्त्रालयले पोषण क्रियाकलाप राष्ट्रिय परिवार स्वास्थ्य कार्यक्रम मार्फत विशेष गरि महिला स्वास्थ्य स्वयंसेविकाको सहयोगमा कार्यान्वयन गरेको छ । स्वास्थ्य बाहेकका अरु क्षेत्र स्थानिय सरकारको (निकाय) अग्रसरतामा संचालित बहुक्षेत्रीय पोषण योजनामा महिला स्वास्थ्य स्वयंसेविकासँग कसरी संलग्न हुनसक्छन् ? जुनकुरा बिचारशिल छ ।

| प्रकार | क्षेत्र | मुख्य MSNP गतिविधि |
|---|---|---|
| पोषण विशेष | स्वास्थ्य मन्त्रालय | - मातृ पोषण कार्यक्रम - पोषण शिक्षा - साना मिलमा सुक्षम पोषक तत्वहरुद्वारा फोर्टीफिकेसन<br>- रोकथाम र उपचारात्मक कार्य - कडा कुपोषणको व्यवस्थापन (MAM)<br>- शिशु तथा बाल्यकालिन आहार स्याहार (IYCF) - शिशु तथा बालबालिकाको खानपान<br>- समुदायमा आधारित कुपोषणको व्यवस्थापन - क्याल्सियम र आईरन चक्कीको सप्लिमेन्टेसन |
| | कृषि बिकास मन्त्रालय | - खाद्य तथा पोषण सुरक्षा कार्यक्रम - कृषि बिकास रणनीति -घर, वागवानी कार्यक्रम |
| पोषण संवेदनशिल | शिक्षा मन्त्रालय | - शिक्षाको लागि खाद्य कार्यक्रम - बालिकाहरुको लागि प्रोत्साहन कार्यक्रम - दिवा खाजा कार्यक्रम<br>- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम |
| | सङ्घिय मामिला तथा स्थानिय विकास मन्त्रालय | - स्थानिय सुसाशन(Local Governance) र स्थानिय सरकार समुदाय विकास कार्यक्रम (LGCDP)<br>- गरिवि निवारण कार्यक्रम - सुनौला हजार दिन आयोजना - सुनौला हजार दिन आयोजना |
| | महिला, बाल बालिका तथा समाज कल्याण मन्त्रालय | - लैगिंक समानता तथा महिला शसक्तिकरण कार्यक्रम<br>- बाल कल्याण कार्यक्रम |
| | शहरी विकास मन्त्रालय | - स्वच्छता र सरसफाईमा समुदायमा आधारित पूर्ण व्यवहार परिवर्तान (CLTBCHS)<br>- खानेपानी, सरसफाई र स्वच्छता<br>- खानेपानी, सरसफाई र स्वच्छता<br>- स्कुल दिशा मुक्त अभियान |
| | बाह्यसाझेदार संस्थाहरुको सहयोगमा नेपाल सरकारका कार्यक्रमहरु | - सु-आहारा प्रोजेक्ट - किसान परियोजना - पोषण कार्यकम - सबल कार्यकम - पहल कार्यक्रम |

*स्रोत : रा.यो.आ./नेपाल सरकार वार्षिक योजना : २०१४/१५*

## पोषणमा भइरहेको मन्त्रालयगत क्रियाकलापको एक झलक

### स्वास्थ्य मन्त्रालय

स्वास्थ्य मन्त्रालय अर्न्तगतको बाल स्वास्थ्य महाशाखा बिशेष गरी आमा तथा बालबालिकाको पोषणमा सुधार ल्याउन, र पाँच बर्ष मुनिका बालबालिकामा रहेको दिर्घ कुपोषण घटाउन प्रयासरत छ। सरकारी निकाय (संयन्त्र) बाट "पोषण विशेष" कार्यक्रम कार्यान्वयन गर्नका लागि स्वास्थ्य मन्त्रालय प्रमुख साझेदार रहेको छ।

### कृषि विकास मन्त्रालय

एसियन विकास वैङ्कको सहयोगमा कृषि विकास मन्त्रालयले कृषि विकास रणनिति, निर्माण गरेको छ। यस रणनितीले कृषि क्षेत्रको विकासका लागि मार्ग चित्र प्रदान गरेको छ। कृषि विकास रणनिति २०१५ को सुरुवातवाट कार्यान्व्यनमा छ र यसले १० वर्षको अवधिमा रु २५० विलियन खर्च गर्ने लक्ष्य राखेको छ। कृषि विकास रणनितिको दुरगामि लक्ष्य अर्न्तगत खाद्य तथा पोषण सुरक्षा मुख्य अंशको रुपमा रहेको छ। यो योजनाले पुड्कोपन र खाद्य असुरक्षा घटाउन निदृष्ट लक्ष्य तयार गरेको छ र बहुक्षेत्रीय पोषण योजनाकै दिशा अन्तर्गत अन्नको प्रर्याप्तताको सुनिष्चीतता गरेको छ। त्यसैगरि **NAFSP** र किसान परियोजना (**USAID** को सहयोगमा) कृषि विकास मन्त्रालय अर्न्तगत संचालित बहुक्षेत्रीय पोषण योजनामा आधारित परियोजनाहरु हुन् जो बिशेष रुपमा पश्चिम र सुदुरपश्चिमका पहाडि जिल्ला र तराई जिल्लामा संचालित छन्।

### सङ्घिय मामिला तथा स्थानिय विकास मन्त्रालय

सङ्घिय मामिला तथा स्थानिय विकास मन्त्रालय सामाजिक सुरक्षा अवधारणा अर्न्तगत पुड्कोपन घटाउन प्रतिवद्ध छ। महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र महिला विकास कार्यालयको सहकार्यमा सङ्घिय मामिला तथा स्थानिय विकास मन्त्रालयले सामाजिक सुरक्षा कोष अर्न्तगत पिछडीएका परिवारलाई नगद वितरण; त्यसैगरि स्थानिय सुशासन र समुदायीक विकास कार्यक्रम (**LGCDP**), गरिवी निवारण कार्यक्रम, सुनौला हजार दिन परियोजना र कृषि खाद्य सुरक्षा परियोजना यस अर्न्तगत संचालित मुख्य परियोजनाहरु हुन्।

### शिक्षा मन्त्रालय

शिक्षा मन्त्रालय विशेष गरि किशोरी विद्यार्थीहरुको पोषणको स्थितीमा सुधार ल्याउन, जनचेतना र व्यवहार परिवर्तन गर्नका साथै उनिहरुको माध्यामिक शिक्षा पूर्ण रुपमा सुधार गर्न प्रतिवद्ध छ। बहुक्षेत्रीय पोषण योजनामा आधारित पोषण कार्यक्रमहरुमा शिक्षा मन्त्रालय अन्तर्गत हाल शिक्षाको लागी खाद्य, **GIP (Girl Incentive Program)** र बिद्यालय स्वास्थ पोषण कार्यक्रम स्ंचालन भैरहेका छन्।

### शहरी विकास मन्त्रालय

शहरी विकास मन्त्रालयको मुख्य लक्ष्य आमा, नवजात शिशु र बालबालिकाको सरसफाई सुविधाको प्रयोगको सुनिश्चीतता, हात धुनको लागी सावुन र पिउनकालागी प्रशोधित पानीको प्रयोगवाट झाडापखाला र सक्रमणको दरमा कमि ल्याउनु नै हो। शहरी विकास मन्त्रालय अर्न्तगत संचालित मुख्य कार्यक्रमहरुः समुदायको अग्रसरतामा स्वच्छता र सरसफाईमा पूर्ण व्यवहार परिर्वतन **Community Lead Total Behavior Change in Hygiene and Sanitation, WASH , ODF** (खुला दिशा मुक्त) अभियान हुन्।

### महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अरु सरोकारवाला निकायको समन्वयनमा महिला तथा बालबालिकाको पक्षमा पैरविद्वारा बहुक्षेत्रीय पोषण योजनालाई सहयोग गर्न प्रतिवद्ध छ। वर्तमानमा लैङ्गिक समानता तथा महिला सशक्तिकरण कार्यक्रमहरु बहुक्षेत्रीय पोषण योजनाको उद्देश्य अनुरुप संचालित छन्। बहुक्षेत्रीय पोषण योजनामा भाग लिने जिल्ला तथा गाविस स्तरको पोषण तथा खाद्य सुरक्षा र पोषणमा समितिले गर्न सक्ने र गर्नै पर्ने दायित्व भनेको आफ्नो क्षेत्रधिकार भित्रको नक्शांकन, परिक्षण र मूल्याकँन, छलफल र विद्यमान अन्तराल र चुनौतिलाई संवोधन गर्नु नै हो। बहुक्षेत्रीय पोषण योजनाको परिकल्पनालाई साकार गर्न उल्लेखित समितीहरु स्थानिय शुसासन र समुदायको क्षमता अभिवृदिमा लक्षित हुन जरुरी छ। पोषण तथा खाद्य सुरक्षा स्टेरिङ समितिले जिल्ला पोषण तथा खाद्य सुरक्षा योजनाको वार्षिक योजना वनाउनु र वजेट छुट्याउनु जरुरी छ। त्यस वाहेक बहुक्षेत्रीय पोषण योजनाको लक्ष्य प्राप्त गर्न प्रत्येक मन्त्रालयको आ- आफ्नै योजना र नीतिको क्षेत्रगत सम्बन्ध राख्न पनि उत्तिकै जरुरी छ।

## २. बहुक्षेत्रीय पोषण योजनाको स्तरोन्नतिको अवस्था

बहुक्षेत्रीय पोषण योजना, २०१३ मा ६ जिल्लाहरुमा लागू गरियो र २०१४ भित्र १८ वटा जिल्लाहरुमा लागू गर्ने लक्ष्य राखियो। यसले २०१३-२०१७ को अवधि भित्र बहुक्षेत्रीय पोषण योजनाले गर्नुपर्ने निदृष्ट क्रियाकलापको समय तालिका प्रदान गरेको छ। यसका अतिरिक्त प्रत्येक क्षेत्र योजना अन्तर्गतका क्रियाकलापको लागि समयरेखा राखिएको छ। अरु साझेदारहरुको पोषण प्रयास बजेटको समय रेखा पनि राखिएको छ। अरु साझेदारहरुले पोषण प्रयास बजेटको समय तालिका भित्र रहेर कार्यक्रम तर्जुमा गर्नेछन्। उदाहरणको लागी युनिसेफ अर्न्तगतका पोषण क्रियाकलाप सुरवातका सरकारी प्रयासको सहयोगको निरन्तरताको रुपमा रहेको छ। यूएसएआइडी नेपाल र अमेरिकी सरकारको दुई पक्षीय सहयोगमा संचालित सु-आहारा कार्यक्रम जो बहुक्षेत्रीय अवधारणा अनुसार नै थियो र बहुक्षेत्रीय पोषण योजना र किसान परियोजना आउनु पुर्व नै संचालनमा आईसकेको थियो। बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन योजनाले जिल्ला र त्यस भन्दा तल प्रष्ट रुपमा बहु आयामिक पोषण क्रियाकलापको विस्तार गर्न ५ वर्षिय समय रेखा प्रस्तुत गरेको छ। तर हाल यो योजना ६ जिल्लामा मात्र सिमित छ। बहुक्षेत्रीय पोषण योजनाको बढोत्तरी विस्तारले गति लिन सकेको छैन।

**टेबल २ : बहुक्षेत्रीय पोषण योजना बढोत्तरी योजना**


| बर्ष | थप जिल्ला | बर्षको अन्त्यमा जम्मा |
|---|---|---|
| २०१३ | ६ | ६ |
| २०१४ | १२ | १८ |
| २०१५ | १६ | ३४ |
| २०१६ | १५ | ४९ |
| २०१७ | २६ | ७५ |

*स्रोत : MSNP कार्यान्वयन योजना*

बर्तमानमा पोषण विषेश र पोषण संवेदनशिल कार्यक्रमको अवस्था हेर्दा पोषण संवेदनशिल कार्यक्रमको सङ्ख्या पोषण बिशेष कार्यक्रमको भन्दा तुलनात्मक रुपमा बढी देखिन्छ र निकै नै सिमित संख्यामा पोषण विशेष कार्यक्रहरु संचालित छन्। बहुक्षेत्रीय पोषण योजनाले प्रगतिको गति लिनको लागि प्रभावकारी, बृहत स्तरको पोषण संवेदनशिल कार्यक्रम जसले पोषणका अर्न्तरहित कारणहरुलाई सम्बोधन गर्दछ र साथै पोषण बिशेष **Intervention** जसले विस्तार र प्रभावकारीतामा वृद्धि गर्न लाइ उत्तिकै प्राथमिकताका साथ अघि बढाउनु पर्ने देखिन्छ। कृषि, सामाजिक सुरक्षा, बाल बिकास र शिक्षाले पोषण बिषेश **Intervention** को स्तोरन्नति र प्रभावकारिता बृद्धि गर्ने क्षमता राख्दछ। त्यसैले बहुक्षेत्रीय पोषण योजनामा संलग्न सरकारी निकायहरु बाहेक पोषण सुधारले पोषण संवेदनशिल कार्यक्रमको आफ्नै लक्ष्य हासिल गर्न पनि सहयोग गर्छ। त्यस कारण बहुक्षेत्रीय पोषण योजनामा संलग्न सरकारी निकायहरु बाहेक अरु क्षेत्रमा पनि क्रमशः पोषणको महत्व बुझाउन र थप जिल्लाहरुमा बहुक्षेत्रीय पोषण योजनालाई प्रभावकारी बनाउन सरकारी निकायहरुमा नियमित पैरवी गर्नु पर्ने आवश्यकता छ।

## ३. कोष र स्रोत व्यवस्थापनको स्थिती


संयुक्त लगानी संझौताको मातहतमा बहुक्षेत्रीय पोषण योजना **Financial Controller General Office** मा स्थापना गरिएको छ। राष्ट्रिय योजना आयोगमा संयुक्त कोषमा आएको र वितरण गरिएको (क्षेत्र मन्त्रालय र जि.बि.स.ले) हिसाबको विवरण राख्ने काम गर्छ। यसले क्षेत्र मन्त्रालय र जि.बि.स.लाई दिइने कोषको योगदान र निष्कासनको अनुगमन गर्दछ। जि.बि.स.ले बहुक्षेत्रीय पोषण योजनाको छुट्टै विवरण राख्ने गर्दछ। राष्ट्रिय योजना आयोगको सिफारिसमा जि.बि.स. लाई ३ वटा किस्तामा रकम बितरण गरिन्छ। प्रगति र खर्चको विवरण राष्ट्रिय योजना आयोगमा पठाईन्छ। जि.बि.स. नगर पालिका र गा.बि.स.ले पनि विना सर्त विकासका रकम अथवा आफनै स्रोतबाट थप (अतिरिक्त) कोषको योगदान पनि गर्दछन्।




*स्रोत: खर्चको अनुमान रातो किताव २०१३/१४, २०१४/१५,२०१५/१६*

सिसानद्वारा गरिएको नेपाल सरकारको पोषण बजेट बिश्लेषण २०१५ अनुसार पोषण क्षेत्रमा **GDP** (आधारभूत मुल्य) को आधारमा बिश्लेषण गर्दा पोषण बजेट उल्लेखित रुपमा बढेको पाईएको छ। यो २०१३।०१४ मा ०.२५ प्रतिशत मात्र रहेकोमा २०१५।०१६ मा ०.४० प्रतिशत पुगेको छ। तर सरकारको कुल बजेटको बार्षिक औसत बृद्धि दर ४९.४ प्रतिशत पुगेको छ। जवकि यस अवधिमा कुल बजेटको बार्षिक औषत बृद्धि दर २९ प्रतिशत र **GDP** (आधारभूत मुल्य) ९.६४ प्रतिशत मात्र छ। **SUN** ले गरेको हिसावमा **GDP** अंशमा कम्तिमा पनि १ प्रतिशत पोषण क्षेत्रको देन हुन आवश्यक देखाएकोले यसमा हाल बिनियोजित रकम किम्तिमा पनि दोब्बरले बढाउनु पर्ने देखिन्छ।

**चित्र नं. २ : पोषण विशेष, संवेदनशिल तथा सुशासनमा भएको बजेट बाडफाडा।**




*स्रोत : खर्चको अनुमान रातो किताब २०१३।२०१४, २०१४।१५, २०१५।१६ तथा DWSS २०१४।१५ को खर्चको आधारमा*

पोषण बिषेश बजेट तर्फ आ.ब. २०१३।०१४ मा ६७२ मिलियन बिनियोजन भएकोमा अ.ब. २०१५।०१६ मा बढेर यो ९६४ मिलियन पुगेको छ। यसको बृद्धिदर बार्षिक २१.२३ प्रतिशत रहेको छ। पोषण सम्बन्धी केही कार्यक्रमहरु नमुनाका रुपमा कार्यान्वयन गरिनु यस तर्फ बजेट बढ्नुको मुख्य कारण मानिन्छ। पोषण संवेदनशिल बजेटमा असमान रुपले बृद्धि भएको छ। अ.ब. २०१३।०१४ मा ३८७३ मिलियन रहेकोमा अ.ब. २०१५।०१६ मा ८.१५१ मिलियन पुगेको छ। यो बृद्धिदर बार्षिक ५५.२१ प्रतिशत रहेको छ। पोषण संवेदनशिल कार्यक्रम तर्फ बजेट बृद्धि हुनुमा खानेपानी तथा सरसफाई कार्यक्रम र सङ्घिय मामिला तथा स्थानिय बिकास मन्त्रालय अन्तर्गत रहेको सुनौला हजार दिन कार्यक्रम तर्फ बढोत्तरी हुनु नै कारक तत्व रहेको मानिन्छ। यसको अ.ब.२०१३।०१४ मा ८४ प्रतिशत हिस्सा पेश भएकोमा २०१५।०१६ मा यो हिस्सा बढेर ८९ प्रतिशत पुगेको छ। सुशासन तर्फ भने अ.ब.२०१३।०१४ मा ६४ मिलियन रहेकोमा चालु आर्थिक बर्षमा घटेर ५१ मिलियन मा झरेको छ। बिश्लेषण गरिएको समयमा सबै भन्दा कम सुशासन तर्फ १ प्रतिशत बिनियोजन गरिएको छ।

## ४. प्रगति अनुगमन

बहुक्षेत्रीय पोषण योजनाको अनुगमन र मुल्याङ्कन योजना बनाउने जिम्मा राष्ट्रिय योजना आयोगलाई दिइएको थियो। बिभिन्न क्षेत्रको अनुगमनमा कठिनाई र बिद्यमान सूचना प्रणालीको जटिलताले गर्दा बहुक्षेत्रीय पोषण योजनाको आवश्यकतालाई मनन गरि राष्ट्रिय योजना आयोगले अनुगमन तथा मुल्याङ्कन कार्यक्रम २०१२ तयार गऱ्यो जुन बिद्यमान बहुक्षेत्रीय पोषण सूचना प्रणालीको समीक्षामा आधारित थियो। उक्त कार्यलाई मन्त्री परिषदले अनुमोदन गरे तापनि अनुगमन तथा मुल्याङ्कन र निश्चित मार्ग निर्देशिकाको कमिले कुनै पनि मन्त्रालयले आज सम्म प्रगति अनुगमनको सुरुवात गरेका छैनन्।